३० अगष्ट २०१९

काठमाण्डौं

**नेपाल: “बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको” अवस्था सार्वजनिक गरी न्यायको सुनिश्चित गर ।**

अन्तर्राष्ट्रिय बेपत्ता दिवसको सन्दर्भमा नेपालको दश वर्षे सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका पीडित परिवार सदस्यहरू र मानवअधिकार संगठनहरू नेपाल सरकारलाई बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्नका लागि अविलम्ब अनुसन्धान प्रक्रिया अघि बढाउन तथा यस्ता जघन्य मानवअधिकार उल्लङ्घनमा जिम्मेवारहरूलाई निष्पक्ष सुनुवाइ प्रक्रिया मार्फत न्यायिक कठघरामा ल्याउन सुनिश्चित गर्न गम्भीर आग्रह गर्दछन् ।

बलपूर्वक बेपत्ता पार्ने कार्यले बेपत्ता बनाइएका व्यक्ति र तिनका परिवार दुवैमाथि विभिन्न खाले मानवअधिकारको उल्लङ्घन हुन पुग्दछ । संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा यसलाई लगातारको अपराध (continuous crime) र “मानव प्रतिष्ठामाथिको आघात” तथा मानवअधिकारको गम्भीर उल्लङ्घनका रूपमा व्याख्या गरिएको छ ।

सन् १९९६ देखि २००६ सम्म नेपालमा भएको सशश्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पार्ने कार्य सन् २००३/०४ मा संसारमै सबैभन्दा बढी थियो । बलपूर्वक बेपत्ता बनाइएका १४०० भन्दा धेरै संभावित पीडितहरूको अवस्था हालसम्म पनि अज्ञात छ । द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लङ्घन वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधका घटनाहरूमा अहिलेसम्म फौजदारी जिम्मेवारी वहन गरेका संदिग्ध एक जना व्यक्तिलाई पनि न्यायिक कठघरामा ल्याइएको छैन ।

सरकारले मानवअधिकारका दायित्वलाई पुरा गर्न अर्थपूर्ण कदमहरू चाल्नु पर्दछ । नेपालमा सशश्त्र द्वन्द्वबाट दिगो शान्ति र रुपान्तरणका लागि दण्डहीनताको अन्त्य, जवाफदेहिताको सुनिश्चितता र विधिको साशनलाई शसक्त पार्नु आवश्यक छ ।

२०६३ मङ्सिर ५ मा नेपाल सरकार तथा नेकपा (माओवादी) द्वारा हस्ताक्षरित विस्तृत शान्ति सम्झौतामा दुवै पक्षले सशश्त्र द्वन्द्वको क्रममा मारिएका र बेपत्ता पारिएकाहरूको अवस्था ६० दिन भित्र अनुसन्धान गरि सार्वजनिक गर्ने प्रतिबद्धता जनाएका थिए । दुवै पक्षले “दण्डहीनतालाई संरक्षण नगर्ने” तथा बेपत्ता परिवारका सदस्यहरूको अधिकारको सुनिश्चित गर्ने वाचा गरेका थिए । तर १३ वर्ष पुग्दा पनि विस्तृत शान्ति सम्झौतामा व्यक्त गरिएका वाचाहरू अहिलेसम्म पुरा गरिएका छैनन् । यसका अलावा सरकारले मानवअधिकार उल्लङ्घनका आरोपितहरूलाई संरक्षण गर्ने तथा उनीहरूको पदोन्नति गर्ने सम्मका कार्यहरू जारी नै राखेको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाउ आयोगसम्बन्धी कानुन अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नभएको प्रश्न उठाएर पीडितहरू सर्वोच्च अदालतमा पुगेपछि अदालतले पीडितका पक्षमा फैसला गरेर

जघन्य अपराधमा माफी नहुँने गरी ऐन संशोधन गर्न आदेश दिएको थियो । तर यसको पालना अझसम्म भएको छैन ।

विद्यमानऐनले निम्न कारण द्वन्द्वपीडितको सत्य थाहा पाउने, न्यायिक उपचार र परिपूरण पाउने अधिकार संवोधन गर्न नसक्ने हाम्रो ठहर छ । यसले (१) बेपत्तासम्बन्धी आयोगलाई अन्तर्राष्ट्रिय कानुन विपरित आममाफिको सिफारिस गर्नसक्ने अधिकार दिएर नेपालको अन्तर्राष्ट्रिय कानुनी दायित्वको उल्लङ्घन हुने देखिन्छ (२) आयोगका अध्यक्षलगायत सदस्यहरूको नियुक्तिसम्बन्धी विद्यमान प्रावधान र प्रक्रियाबाट स्वतन्त्र र निष्पक्षता कायम हुन सक्ने अवस्था देखिदैन र (३) आयोगलाई मानवअधिकार उल्लङ्घनकर्तामाथि अभियोजनको सिफारिस गर्ने अधिकार प्रदान गरिएको छैन ।

साथै **त्यसैले हामी नेपाल सरकारलाई तल उल्लिखित कुराहरू पुरा गर्न आह्वान गर्दछौंः**

- द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनहरूलाई संवोधन गर्न स्थापना गरिने सङ्क्रमणकालीन न्याय संयन्त्रले न्यायिक प्रक्रियालाई प्रतिस्थापन नगर्ने कुराको सुनिश्चित गर्न र यस्ता संयन्त्रहरूलाई अन्तर्राष्ट्रिय कानुन वा मापदण्ड बमोजिम स्थापना गर्न तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका अपराधहरूलाई माफी दिने वा माफीको सिफारिस गर्ने अधिकार भएको संयन्त्र स्थापना नगर्न;
- मानवअधिकार उल्लङ्घन र अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका अपराधहरूमा प्रहरी अनुसन्धानका लागि अदालतबाट भएका आदेशहरूको सम्मान गर्न र पर्याप्त ग्रहण योग्य प्रमाणहरू भएको अवस्थामा अविलम्व अभियोजन अघि बढाउन
- अन्तर्राष्ट्रिय उचित प्रक्रियाको मापदण्ड अनुरूप हुनेगरी सुनुवाइ प्रक्रियामार्फत फौजदारी जिम्मेवारी वहन गरेका हुनसक्ने संदिग्धहरूलाई अभियोजन गर्न; -बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम पश्चातदर्शी घरायसी कानुन बनाई अपराधिकरण गर्न;बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई यथाशीघ्र अनुमोदन गर्न;
- हाल विघटित आयोगको पूनर्गठन सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मापदण्डअनुसार ऐन संशोधनपछि पीडित र नागरिक समाजसंगको व्यापक छलफल एवं परामर्शमा गर्न ।आयोगका आयुक्तहरूको छनौट प्रकृयालाई पारदर्शी बनाउन तथा स्वतन्त्र, निष्पक्ष, सङ्क्रणकालीन न्याय प्रकृया बुझेका, पीडित मैत्री एवं पीडितले विश्वास गर्न सक्ने व्यक्तिहरूलाई आयुक्तको रूपमा छनौट गर्न ।

एक्यवद्धता सहित

**NAMES of the ORGANIZATIONS**

1. Accountability Watch Committee (AWC)
2. Advocacy Forum
3. Amnesty International Nepal
4. COCAP
5. Committee for Social Justice (CSJ)
6. Conflict Victim Common Platform (CVCP)
7. Conflict Victim National Alliance (CVNA)
8. FIAN NEPAL
9. FWLD
10. Human Rights and Justice Centre
11. HURFON
12. HURON
13. INHURED
14. INSEC
15. LACC
16. Martyrs' and Disappeared Warrior Children Academy
17. Nagarik Aawaj
18. National Network of Disabled Conflict Victim
19. NEFAD
20. The Story Kitchen
21. VOW Media